# कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन

देवीबहादुर श्रेष्ठ
क्याम्पस क्रमाङ्क : ५८
परीक्षा क्रमाङ्क : २१४०२८९
त्रि.वि.दर्ता नं. : ९-२-२९-११९०-२०००

**शोधपत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्ष आठौं पत्र नेपा.शि.५९८
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग
सुकुना बहुमुखी क्याम्पस,
कोसीहरैंचा, मोरङ
२०७२

# सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर मोरङ

स्थापित : २०४८

प.सं.

च.नं. मिति :

..........................

---

## सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययन शीर्षकको शोधपत्र शोधार्थी देवीबहादुर श्रेष्ठले अत्यन्त मिहिनेत र लगनशीलताका साथ तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त रहेकोले यसको आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

................................

गेहेन्द्र खनाल

मिति : शोधनिर्देशक

# सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर मोरङ

स्थापित : २०४८

प.सं.

च.नं. मिति :

..........................

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षण विभागका शोधार्थी देवीबहादुर श्रेष्ठले स्नातकोत्तर तह (एम.एड.) मा नेपाली भाषा शिक्षा विषयको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गर्नुभएको कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरुको अध्ययनशीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त उपयुक्त ठहरिएकोले स्नातकोत्तर उपाधिका लागि स्वीकृत प्रदान गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१. अमृत आचा............. (विभागीय प्रमुख) ..............................

२. गेहन्द्र खनाल (शोधनिर्देशक) ................................

३. ...................................... (बाह्य परीक्षक) ................................

९क म्० स

९ख म्० स

## कृतज्ञता

विद्यालयहरूमा पठनपाठन गरिने विषयहरूमध्ये नेपाली भाषा विषयको महत्त्वपूर्ण स्थान छ । नेपाली भाषा सरकारी कामकाजको भाषा, सम्पर्क भाषा र शिक्षाको माध्यम भाषा भएकाले यसको शिक्षण भाषिक सीपको सन्तुलित दक्षता हासिल गराउनेतर्फ केन्द्रित हुनुपर्छ । उपयुक्त मूल्याङ्कन  एवम् अनुगमनबाट नेपाली भाषा शिक्षणमा रहेका कमी कमजोरीहरू हटाई अपेक्षित सुधार गरिनु आवश्यक छ । भाषा शिक्षणको मूल्याङ्कन र सुधार गर्ने क्रममा भाषिक परीक्षणले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

नेपाली भाषा विषयको पाठ्यक्रमको व्याप्ततालाई समेटेर प्रश्न निर्माण गर्नु सहज र सजिलो कार्य होइन । भाषिक प्रश्न निर्माणका थुप्रै कठिनाइ र चुनौतिहरू छन् । विषय विज्ञ शिक्षक नहुनु, नेपाली भाषालाई सजिलो भाषा र हल्काफुल्का रूपमा सोच्नु, भाषाका सीपहरूलाई बेवास्ता गर्नु, समय अनुसार भाषिक प्रश्नहरूमा सुधार नगरिनु जस्ता समस्याहरूले नेपाली भाषाको प्रश्न निर्माणमा जटिलताहरू ल्याएको छ । यसै सिलसिलामा आन्तरिक र बाह्य बैधताका दृष्टिले पनि अनुपयुक्त, गुणस्तरहीन र स्तर प्रतिकूल प्रश्नबाट विद्यार्थीको परीक्षण भइरहेको अवस्थामा भाषिक परीक्षणसँग सम्बन्धित प्रश्नहरूको अध्ययन विश्लेषण गरी उपयुक्त प्रश्न निर्माण गर्ने सुझ ठम्याउन २०६९ सालको प्रश्नहरूको अध्ययन गर्ने जमर्को यस अध्ययनमा गरिएको छ । यस अध्ययनमा धेरै सीमितता र अपूर्णताहरू हुन सक्छन् तथापि प्रश्न विश्लेषणका क्षेत्रमा भावी अध्येतालाई वा प्राश्निकहरूलाई यो शोधले थोरै भएपनि सुझाव प्रदान गर्न सक्यो भने ठूलो उपलब्धि ठानिनेछ ।

यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय दिई हरबखत आवश्यक निर्देशन र सल्लाह दिनुहुने शोध निर्देशक मेरा श्रद्धेय गुरु प्राध्यापकश्री गेहेन्द्र खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी नेपाली शिक्षा विभाग प्रमुख श्री अमृतप्रसाद आचार्य तथा शोधलेखनका लागि प्रेमपूर्वक सल्लाह र हौसला बढाइदिने मेरा श्रद्धेय गुरुहरू प्राध्यापक श्री प्रेम भट्टराईज्यू र मेघनारायण श्रेष्ठज्यूप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु । त्यसरी नै महत्त्वपूर्ण सामग्रीहरू उपलब्ध गराएर हार्दिकता प्रकट गर्नुहुने जिल्ला शिक्षा कार्यालयहरू भोजपुर, धनकुटा र तेह्रथुमका कर्मचारीहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस्तै अन्त्यमा कम्प्युटर टङ्कनमा मिहिनेत र सतर्कताका साथ व्यस्त समयका बावजुद पनि सहयोग गर्नुहुने निशान एजुककेसनल इन्स्टिच्युट धनकुटाका मोहन घिमिरेज्यूप्रति पनि कृतज्ञ रहँदै सबै शुभेच्छुक मित्रहरूमा आभार व्यक्त गर्दछु ।

देवीबहादुर श्रेष्ठ

# *शोधसार*

*यस शोधपत्रको शीर्षक* ***'कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन'*** *रहेको छ । भाषिक परीक्षण भन्नु भाषाका सीपहरूको परीक्षण गर्नु हो । भाषिक सीपको परीक्षण गर्नु सजिलो विषय होइन । भाषा पाठ्यक्रमको व्याप्ततालाई समेटेर प्रश्न निर्माण गर्नु आवश्यक हुन्छ । हालसम्मका प्रश्नहरू हेर्दा तिनका धेरै किसिमका कमजोरीहरू देखिएका छन् । पाठ्यक्रमको व्याप्ततालाई नसमेटी निर्माण गरिएका प्रश्नहरूले अपेक्षित उद्देश्य हासिल हुन सक्दैन भने वैध हुन नसकी शिक्षण सिकाइलाई पृष्ठपोषण समेत प्रदान गर्न सक्दैनन् । अत: यस शोधको मुख्य उद्देश्य भन्नु प्रश्नहरूको बाह्य तथा आन्तरिक वैधताका आधारमा अध्ययन विश्लेषण गरी कमीकमजोरी औंल्याएर सुधारका लागि आवश्यक सुझाव प्रदान गर्नु रहेको छ ।*

*यस अध्ययनको क्षेत्र भोजपुर, धनकुटा र तेह्रथुम जिल्लामा सीमित छ । तीनओटै जिल्लाका कक्षा आठको नेपाली भाषा विषयको जिल्लास्तरीय परीक्षालाई मात्र अध्ययनले समेटेको छ । यस अध्ययनले पहाडी जिल्लाका प्रश्न निर्माणको अध्ययन विश्लेषण गर्ने प्रयास गरेको छ । प्रस्तुत अध्ययन पाँच भागमा विभाजित छ ।पहिलो अध्यायमा अध्ययनको परिचय दिइएको छ । दोस्रो अध्यायमा अध्ययनलाई सहायक हुने सैद्धान्तिक पक्षहरूको चर्चा र प्रश्न विश्लेषणका आधारहरू ठम्याइएको छ । तेस्रो अध्यायमा प्रश्न विश्लेषणका बाह्य आधारका दृष्टिले प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ । चौथो अध्यायमा प्रश्न विश्लेषणका आन्तरिक आधारहरूका आधारमा प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ । अन्तिम तथा अध्याय पाँचमा विश्लेषित प्रश्नहरूबाट देखिएका निष्कर्ष र सो अनुरूपका सुझावहरू प्रस्तुत गरिएको छ । यस शोधपत्रमा सामग्री सङ्कलनका लागि तीन जिल्लालाई छनोट गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलन पछि सामग्रीको विश्लेषणात्मक विधिको प्रयोग यस शोधमा गरिएको छ ।*

*प्रस्तुत अध्ययनबाट कक्षा आठमा प्रयोग गरिएका प्रश्नहरू एस.एल.सी.परीक्षाका आदर्शबाट प्रभावित भएका छन् । प्रश्नहरू उत्पादनात्मक भन्दा पहिचानात्मक र प्रतिस्मरणात्मकतालाई टेवा पुऱ्याउने खालका देखिन्छन् । विशिष्टीकरण तालिकाको पूर्ण परिपालना नगरिएकोले पाठ्यक्रमको सम्पूर्ण विषयवस्तुलाई प्रश्नहरूले समेट्न सकेका छैनन् । पाठ्यपुस्तकको अभ्यासबाट हुबहु प्रश्नहरू सारेर प्रश्नहरू दिइएको पाइन्छ । यस अध्ययनले थोरै मात्रामा भएपनि प्रश्नलाई स्तरीय*

*बनाउन के-कस्ता सीपहरू चाहिन्छन् भन्ने कुरालाई प्रष्ट्याएको छ । भाषामा पुच्छ्रे प्रश्न, कन्ठस्थीकरणमा जोड दिने जस्ता प्रश्नले वैधतामा आँच ल्याएका छन् । निर्देशनको अस्पष्टता, अङ्क विभाजनको असन्तुलित प्रक्रिया, छपाइमा भएका त्रुटि आदि कमजोरीले समेत प्रश्नका बाह्य तथा आन्तरिक वैधतामा आघात परेको देखिन्छ । यस अध्ययनले भाषिक प्रश्न निर्माण कार्यलाई सरल र सतही रूपमा नलिई भाषिक उद्देश्य हासिल गर्न प्रश्न निर्माणकर्तालाई थोरै भए पनि सहयोग गर्नु यसको उपलब्धि तथा प्राप्ति हो ।*

*यस अध्ययनबाट भाषिक प्रश्न निर्माण गर्दा सरलबाट जटिलताको क्रममा निर्माण गर्नुपर्ने देखिन्छ । भाषाका चार ओटै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई महत्त्व दिनु पर्ने हुन्छ । अर्थात् सुनाइ र बोलाइ परीक्षणको पनि व्यवस्था मिलाउनु पर्ने टड्कारो आवश्यकता छ । भाषाविषयका प्रश्नपत्रहरू विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकबाट निर्माण गरिनुपर्दछ । यसका साथै प्रश्नपत्र निर्माणमा समय सापेक्ष सुधार गर्दे जानु पनि आवश्यक देखिन्छ । त्यसैगरी परीक्षणलाई मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा समेट्न २० प्रतिशत अङ्कभार आन्तरिक बनाउनु पर्ने, २० प्रतिशत प्रश्न वस्तुगत सोधिनु पर्ने, प्रश्नपत्र मुद्रण तथा टङ्कनमा विशेष सतर्कता अपनाइ राम्रोसँग प्रुफ हेरेरमात्र प्रश्नपत्र छपाउनु पर्ने जस्ता कुरामा विशेष* ध्यान दिनुपर्ने हुन्छ ।

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|

अध्याय-एक

शोधपरिचय

| | |
|---|---|
| १.१.अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३. अध्ययनको उद्देश्य | ५ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ५ |
| १.५. अध्ययनको महत्व | ५ |
| १.६. अध्ययनको परिसीमा | ६ |

अध्याय-दुई

सैद्धान्तिक परिचय

| | |
|---|---|
| २.१. मूल्याङ्कनको परिचय | ७ |
| २.२. परीक्षा र मूल्याङ्कन | ८ |
| २.३. भाषिक मूल्याङ्कन | ८ |
| २.४. भाषिक मूल्याङ्कनका प्रकार | १० |
| २.४.१ एकीकृत र पृथकीकृत | १० |
| २.४.२ पहिचानात्मक र उत्पादनात्मक परीक्षण | १० |
| २.४.३ औपचारिक र अनौपचारिक परीक्षण | ११ |
| २.५. परीक्षणका प्रचलित तरिका | ११ |
| २.५.१ स्तरयुक्त परीक्षा | ११ |
| २.५.२ शिक्षक निर्मित परीक्षा | १२ |
| २.६. परीक्षाका अन्य साधन तथा उपायहरू | १२ |
| २.६.१ लिखित परीक्षा | १२ |

| | |
|---|---|
| २.६.२ मौखिक परीक्षा | १२ |
| २.६.३ प्रयोगात्मक परीक्षा | १३ |
| २.७. भाषिक परीक्षण योजना | १३ |
| २.७.१ परीक्षण उद्देश्यको निर्धारण | १४ |
| २.७.२ पाठ्यक्रम विश्लेषण | १४ |
| २.७.३ विशिष्टीकरण तालिका निर्माण | १४ |
| २.८. प्रश्नपत्रको परिचय | १५ |
| २.८.१ प्रश्नप्रत्रको प्रकृति -बनोटका आधारमा | १६ |
| २.८.२ विषयगत प्रश्न | १६ |
| २.८.२.१ निबन्धात्मक प्रश्न | १६ |
| २.८.२.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १७ |
| २.८.३ वस्तुगत प्रश्न | १८ |
| २.८.३.१ ठीक/बेठीक छुट्याउने प्रश्न | १८ |
| २.८.३.२ खाली ठाउँ भर्ने प्रश्न | १८ |
| २.८.३.३ जोडा मिलाउने प्रश्न | १९ |
| २.८.३.४ बहुवैकल्पिक प्रश्न | १९ |
| २.९. प्रश्नहरूको सङ्गठन र निर्देशन | १९ |
| २.१०. परीक्षण प्रशासन र अङ्कन विधि | २० |
| २.१०.१ बुँदागत अङ्क मापन | २० |
| २.१०.२ प्रश्नगत अङ्क मापन | २० |
| २.१०.३ समूहगत अङ्क मापन | २० |
| २.१०.४ बहुपरीक्षकद्वारा अङ्क मापन | २१ |
| २.११. प्रश्न विश्लेषणका आधार | २१ |
| २.११.१ तथ्याङ्कशास्त्रीय आधार | २१ |
| २.११.२ सैद्धान्तिक आधार | २१ |
| २.११.२.१ बाह्य आधार | २२ |
| २.११.२.२ आन्तरिक आधार | २२ |

अध्याय-तीन

अध्ययन विधि


३.१ अध्ययनको ढाँचा र विधि २४

३.२ अध्ययनको क्षेत्र २४

३.३ तथ्याङ्क व्याख्या र विश्लेषण २४


अध्याय-चार

बाह्य आधारमा कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०६९) मा उपयोग गरिएका प्रश्नपत्रहरुको विश्लेषण


४.१ बाह्य आधारमा प्रश्नपत्रको विश्लेषण २५

४.१.१प्रश्नपत्रको स्वरुप २५

४.१.१.१शीर्ष भाग २५

४.१.१.१.१ उपशीर्ष भाग २६

४.१.१.१.२ आकार २६

४.१.१.१.३ प्रश्न सङ्ख्या २७

४.१.१.१.४ प्रश्न र पृष्ठ २७

४.१.१.५ कागज २७

४.१.१.६ छपाइ र सफाइ २८

४.१.२ निर्देशन २८

४.१.२.१ शीर्ष निर्देशन २८

४.१.२.२ प्रश्न निर्देशन २९

४.१.२.३ विकल्प निर्देशन २९

४.१.२.४ पृष्ठ निर्देशन ३०

४.१.२.५ समय निर्देशन ३०

४.१.२.६ अङ्क निर्देशन ३१

४.१.३ अङ्क विभाजन र समय निर्धारण ३२

४.१.४ प्रस्तुति अनुक्रम ३२

४.१.५ भाषा ३४

४.१.५.१ वर्ण विन्यास सम्बन्धी त्रुटी ३४

अध्याय-पाँच

आन्तरिक आधारमा कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०६९) का प्रश्नपत्रहरुको तुलनात्मक विश्लेषण

५.१ आन्तरिक आधारमा प्रश्नहरुको तुलनात्मक विश्लेषण ३७

५.१.१ पाठ्यक्रमका आधार ३७

५.१.२ भाषिक सीपगत आधारमा प्रश्नपत्रको वितरण ३८

५.१.२.१ सुनाइ सीप ३८

५.१.२.२ बोलाइ सीप ३८

५.१.२.३ पढाइ सीप ३९

५.१.२.४ लेखाइ सीप ४०

५.१.२.५ पढाइ/लेखाइ सीप ४१

५.१.२.६ भाषा तत्व ४२

५.१.२.७ शब्दभण्डार ४२

५.१.३ विधाका आधारमा प्रश्नपत्रको वितरण ४३

५.१.३.१ कथा विधा ४३

५.१.३.२ प्रबन्ध/निबन्ध विधा ४५

५.१.३.३ कविता विधा ४६

५.१.३.४ रुपक विधा ४७

५.१.३.५ जीवनी विधा ४८

५.१.३.६ चिठी विधा ४९

५.१.४ पाठ्यपुस्तकका आधारमा ५०

५.१.५ विशिष्टीकरण तालिकाका आधारमा ५०

५.१.५.१ संक्षिप्त उत्तरात्मक प्रश्न ५१

५.१.५.२ लामो उत्तर दिने प्रश्न ५२

५.१.५.३ बोध प्रश्न (दृष्टांश वा अदृष्टांश गद्य ५२

५.१.५.४ सारांश दृष्टांश गद्य ५३

५.१.५.५ भाव विस्तार ५३

५.१.५.६ सप्रसङ्ग व्याख्या ५३

५.१.५.७ निर्देशित रचना ५४

५.१.५.८ स्वतन्त्र रचना : निबन्ध/प्रबन्ध ५४

५.१.५.९ स्वतन्त्र रचना : चिठी, वादविवाद ५४

५.१.५.१० व्याकरण ५५

५.२ प्रश्नपत्रमा हुनुपर्ने गुण ५५

५.२.१ विश्वसनीयता ५५

५.२.१.१ स्पष्टता ५६

५.२.१.२ सुराक दिने प्रश्न ५६

५.२.१.३ पुच्छ्रे प्रश्न ५६

५.२.१.४ विकल्पन ५७

५.२.२ वैधता ५७

५.२.२.१ विषयगत वैधता ५८

५.२.२.२ रचनात्मक वैधता ५८

५.२.२.३ पूर्व सूचनात्मक वैधता ५९

५.२.२.४ समवर्ती वैधता ५९

५.२.३ विभेदकारिता ६०

५.२.४ व्यवहारिकता ६०

अध्याय-छ

निष्कर्ष र सुझाव

६.१ निष्कर्ष ६१

६.२ सुझावहरु ६४

सन्दर्भसामग्री सूची

परिशिष्टहरू